नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

# जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र

बाढी पूर्वानुमान महाशाखा

मिति: २०८३/०६/२८

## सूचना!!!

आज मिति २०८३ साल असोज २८ गतेदेखि यस वर्षको मनसुन नेपालबाट बाहिरिएको र मनसुनी कारणले सृजित हुने बाढी तथा आकस्मिक बाढीको जोखिम नदेखिएको हुँदा हाल सञ्चालनमा रहेको नियमित २४ घण्टे बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा आगामी वर्षको मनसुन सम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

यद्यपि, मनसुन बाहेकको अवधिमा समेत बाढीजन्य विपद्को सम्भावना देखिएमा, नदीको जलसतह तथा बहावको अवलोकनबाट बाढीको जोखिम आकलन भएमा वा अन्य कुनै कारणबाट बाढीजन्य जोखिमको पूर्वानुमान/आँकलन भएमा आवश्यकताअनुसार तत्काल बाढी पूर्वसूचना सेवा पुनः सञ्चालन गरिनेछ।

अतः मनसुन बाहेकको अवधिमा पनि नदी तथा जलस्रोतको अवस्था र बाढीजन्य जोखिमको निरन्तर निगरानी कायम राखी आवश्यकताअनुसार पूर्वसूचना प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

यस संगै हाललाई बाढी पूर्वसूचना प्रवाहको लागि सञ्चालित टोल फ्रि नं. ११५५ (२) समेत बन्द रहने व्यहोरा समेत संबन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बाढी पूर्वानुमान महाशाखा**